# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं.:

मिति: २०८३/०२/१९

(छाप: सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोहाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल)

श्री सम्बन्धित शिक्षकहरू (सबै),
सत्यवती गाउँपालिका, गुल्मी ।

**विषयः खुला विषयविज्ञ सूचीकृत/नविकरण गर्ने सम्बन्धी सूचना। (दोस्रो पटक)**

प्रस्तुत सम्बन्धमा यस कार्यालयको मिति २०८३/०२/१९ गते को निर्णयानुसार सत्यवती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा आधारभूत र माध्यमिक तहमा रिक्त रहेका र रिक्त हुने स्वीकृत तथा करारमा शिक्षक पदपूर्ति प्रयोजनार्थ परीक्षा सञ्चालनका लागि विषयविज्ञको आवश्यकता पर्ने भएकाले तपसिलको योग्यता तथा शिक्षण अनुभव पुगेका शिक्षकहरुबाट पहिलो पटकको सूचनामा पर्याप्त आवेदन नपरेकोले दोस्रो पटकको सूचनाको मितिबाट (७ दिन ) मिति २०८३/०२/२५ गते कार्यालय समय भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा रीतपूर्वक सूचीकृतका लागि आवेदन पेस गर्नुहुन सूचित गरिन्छ।

<u>तपसिलः</u>

१. माध्यमिक तह विषयगत (कक्षा ११-१२)

- सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर उर्तीण गरी उच्च मा.वि. तहमा अस्थायी करार शिक्षक पदमा नियुक्ति लिई कम्तिमा २ वर्ष सेवा गरेको हुनुपर्ने।
- सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर गरी मा.वि. तहमा स्थायी विषयगत शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर गरी मा.वि. तहमा अस्थायी, राहत करारमा नियुक्ति लिई कम्तिमा २ वर्ष सेवा गरेको विषयगत शिक्षक हुनुपर्ने ।

२. माध्यमिक तह विषयगत (कक्षा ९-१०)

- सम्वन्धित विषयको माध्यमिक तहको स्थायी विषय शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा अस्थायी, शिक्षण सिकाई अनुदान, राहत करार दरवन्दीमा नियुक्ति लिई सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर योग्यता भएको र कम्तिमा २ वर्ष मा.वि. तहमा सेवा गरेको शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर गरी नि.मा.वि. वा प्रा.वि. तहमा स्थायी शिक्षक हुनुपर्ने ।

३. आधारभूत तह विषयगत (कक्षा ६-८)

- सम्वन्धित विषयको स्थायी मा.वि. वा नि.मा.वि. तहको विषयगत शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा अस्थायी, शिक्षण सिकाई अनुदान, राहत करार दरवन्दीमा नियुक्ति लिई स्नातक वा सो सरह योग्यता भई कम्तिमा २ वर्ष मा.वि.वा नि.मा.वि. तहमा सेवा गरेको विषयगत शिक्षक हुनुपर्ने।

प्रमुख प्रशासकीय अधिकृत

- सम्वन्धित विषयमा स्नातक वा सो सरह योग्यता भएको प्रा.वि.तहको स्थायी शिक्षक हुनुपर्ने।

४. प्राथमिक तह (कक्षा १-५)

- स्थायी मा.वि. वा नि.मा.वि. वा प्रा.वि. तहको शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा अस्थायी, राहत करार दरवन्दीमा नियुक्ति लिई स्नातक वा सो सरह योग्यता भई कम्तिमा २ वर्ष मा.वि. वा नि.मा.वि. वा प्रा.वि तहमा सेवा गरेको शिक्षक हुनुपर्ने।

५. प्रारम्भिक बालबिकास सहजकर्ता

- स्थायी मा.वि. वा नि.मा.वि. वा प्रा.वि. तहको शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा अस्थायी करार ,राहत करार दरवन्दीमा नियुक्ति लिई शिक्षा संकायतर्फ स्नातक वा सो सरह योग्यता भई कम्तिमा २ वर्ष मा.वि. वा नि.मा.वि. वा प्रा.वि तहमा सेवा गरेको शिक्षक हुनुपर्नु।

<u>आवश्यक कागजातहरु:</u> नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रतिलिपि, नियुक्ति पत्रको प्रतिलिपि, सेवा प्रमाणित प्रतिलिपि तथा शिक्षण पेशामा निरन्तरता खुल्ने विद्यालयको सिफारिस पत्र।

<u>आवेदन दस्तुर:</u> प्रारम्भिक बालबिकास सहजकर्ता रु ८००/-, आधारभूत तह (१-५) रु. ८००/-, आधारभूत तह (६-८) रु. १०००/-, माध्यमिक तह (९-१०) रु. १३००/-, र माध्यमिक तह (११-१२) रु. १५००/।

<u>नविकरण दस्तुर:</u> आधारभूत तह (१-५) रु. ३००/-, आधारभूत तह (६-८) रु. ५००/-, माध्यमिक तह (९-१०) रु. ७००/-, र माध्यमिक तह (११-१२) रु. १०००/।

(नोटः एउटै आवेदकले फरक तहका लागि आवेदन दिएमा छुट्टाछुट्टै आवेदन दस्तुर लाग्नेछ ।)

हरि प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत